# छथर जोरपाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा

प.सं: ०७८/०७९
च.नं:

प्रदेश नं. १, नेपाल

सुचना !  सुचना !!  सुचना !!!

*प्रथम पटक प्रकाशित* मिति:-२०७८/०९/१

यस छथरजोरपाटी गाँउपालीका कृषि शाखाको आर्थिक वर्ष ०७८।७९को वार्षीक स्वीकृत कार्यक्रम अनुसार **५०% अनुदानमा किवी विरुवा वितरण कार्यक्रम** संचालन गर्नु पर्ने भएकोले ईच्छुक कृषक समुह/कृषि फार्म/कृषि सहकारी सस्थाहरुका लागि यो सुचना प्रकासन गरिएको छ। सुचना प्रकासन भएको मिति देखी ३०औं दिन (मिति २०७८।०९।३०) भित्र आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयको कृषि शाखामा निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ। रित नपुगेका वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही हुने छैन।

**आवश्यक कागजातहरु :-**

१. तोकिएको ढाँचामा निवेदन।

२. कृषक समुह/ कृषि फार्म/ कृषि सहकारीहरु को प्रमाणपत्रको प्रतिलिपि।

३. कृषक समुह/ कृषि सहकारी को कार्यक्रम माग सम्वन्धी वैठक निर्णयको प्रतिलिपि।

४.कृषक समुह/ कृषि फार्म/ कृषि सहकारी सस्थाको स्थायी लेखा प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ।

५. राजस्व वापत रु ३००।- को रसिद काटी आवेदन पेश गर्नुपर्नेछ।

२०७८।९।१

मिलन कार्की
अधिकृत छैठौं स्तर
(कृषि शाखा)
छथर जोरपाटी गाउँपालिका

राज कुमार राई
अधिकृत छैठौं
पशु पंक्षी शाखा
छथर जोरपाटी गाउँपालिका

Phone No.: 026-404196/404199 Website: www.chhatharjorpatimun.gov.np Email:chhatharjorpatigapa@gmail.com

छथर जोरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा

026-404196 / 026-404199
vet.cjrm@gmail.com
chhatharjorpatigapa@gmail.com

प.सं: ०७७/०७८
च.नं:
१ नं. प्रदेश, नेपाल

अनुसूची–१

**पशुपन्छि तथा मत्स्य प्रवर्द्धन कार्यक्रम संचालन सम्वन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८।०९।०१**

आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक शशर्त कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरू *"पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि,२०७८,,* वमोजिम संचालन गर्न ईच्छुक समुह, समिति, सहकारी संस्था, कृषक फार्महरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र (मिति २०७८।०९।३०गते) तोकिएको ढाचाँमा राजश्व वापत रू ३०० को रसिद काटी निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ । कार्यक्रममा सहभागी हुन चाहने समुह, समिति, सहकारी संस्था, कृषक फार्महरूले कम्तीमा २५% लागत साझेदारी गर्नु पर्ने छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| क्र.सं. | कार्यक्रम | संख्या | कैफियत |
|---|---|---|---|
| क | छुर्पि प्रवर्द्धन कार्यक्रम | ५ | |

१. समुह, समिति, सहकारी संस्था, कृषक फार्महरूको दर्ता, नविकरण, करचुक्ता प्रमाण पत्रका प्रतिलिपीहरू

२. अनुसूची –२, अनुसारको संक्षिप्त व्यावसायीक कार्ययोजना

३. अनुसुची –३, अनुसारको निवेदन

४. समुह/ सहकारीको निर्णय प्रतिलिपी र उत्पादित वा संकलित दुधको विवरण

पुनश्चः निवेदन, संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाचाँ गाउँपालिकाको website: www.chhatharjorpatimun.gov.np वाट डाउनलोड गरी लिन सकिने छ ।

मिलन कार्की
...छैटौं स्तर
...शाखा)
...गाउँपालिका

राज कुमार राई
अधिकृत छैटौं
पशु पंछी शाखा
छथर जोरपाटी गाउँपालिका

# छथर जोरपाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा

प.सं: ०७८/०७९

च.नं:

प्रदेश नं. १, नेपाल

छथर जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७३

मिति:-२०७८।०९।१

**विषयः-प्रस्तावाना आव्हान गरिएको सुचना ।**

यस गाँउपालिकाको आ.व. २०७८।७९ को संघिय सर्शत अनुदान तर्फ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तरकारी वालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले यस गाँउपालिका क्षेत्र भित्र रहेका कृषि सहकारी/कृषक समुह/कृषि फार्महरुले तपशिल वमोजिम आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले ३०औं दिन ( मिति २०७८।०९।३० गते ) भित्र यस गाँउपालिकाको कृषि शाखामा आवेदन दर्ता गराउनु हुन यस सुचना मार्फत जानकारी गराईन्छ। साथै म्याद नाघि वा रित नपुगी आएको आवेदन उपर यस कार्यक्रममा समावेश गराईने छैन ।

| कार्यक्रम | लक्ष्य | कुल वजेट | कैफियत |
|---|---|---|---|
| तरकारी वालीको साना व्यवसयिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम | ४ वटा | १२,०००,००।- | अधिकतम ५०% अनुदान रहने छ। |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

१.अनुसूची-६ अनुसारको आवेदन फाराम ।

२.अनुसूची-१० अनुसारको संक्षिप्त कार्य योजना ।

३. कृषि सहकारी/कृषक समुहको प्रमाण-पत्र प्रतिलिपी र दर्ता नविकरण कर चुक्ता प्रतिलिपी

४.कार्यक्रम संचालन हुने स्थान( जग्गा/जमिन तरकारी वालीको हकमा कम्तीमा २०० रोपनी हुनुपर्ने छ ।जग्गा धनिपुर्जा वा प्रमाण-पत्र प्रतिलिपी । भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।

५.निवेदन दिइएको कृषि सहकारी/ कृषक समुहको सदस्यहरुको नागरिकता प्रमाण-पत्र प्रतिलिपी ।

६ कृषि सहकारी/कृषक समुहको कार्यक्रम सम्वन्धी बठैकको निर्णय प्रतिलिपी ।

७.अन्य प्रमाणित प्रमाण पत्रहरु (सम्वन्धित विषयको तालिम,शैक्षिक योग्यता आदि) प्रतिलिपीहरु ।

८. राजस्व वापत रु ३००।- को रसिद काटी आवेदन पेश गर्नुपर्नेछ ।

राज कुमार राई
अधिकृत छैठौं
पशु पंक्षी शाखा
छथर जोरपाटी गाउँपालिका

२०७८।०९।१
मिलन कार्की
अधिकृत छैठौं स्तर
(कृषि शाखा)
छथर जोरपाटी गाउँपालिका

छथर जोरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा

☎ 026-404196 / 026-404199
vet.cjrm@gmail.com
chhatharjorpatigapa@gmail.com

प.सं: ०७७/०७८
च.नं:

१ नं. प्रदेश, नेपाल


अनुसूची–१

**पशुपन्छि तथा मत्स्य प्रवर्द्धन कार्यक्रम संचालन सम्वन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८।०९।०१**

आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक शशर्त कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरू *"पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७८,,* वमोजिम संचालन गर्न ईच्छुक समुह, समिति, सहकारी संस्था, कृषक फार्महरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र (मिति २०७८। ०९ ।३० गते) तोकिएको ढाचाँमा राजश्व वापत रू ३०० को रसिद काटी निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ । कार्यक्रममा सहभागी हुन चाहने समुह, समिति, सहकारी संस्था, कृषक फार्महरूले कम्तीमा २५% लागत साझेदारी गर्नु पर्ने छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| क्र.सं. | कार्यक्रम | संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | निजि फार्म | समुह/सहकारी | |
| क | दुध मिसन अन्तरगत भैसी प्रवर्द्धन कार्यक्रम | ३ | ४ | |

१. समुह, समिति, सहकारी संस्था, कृषक फार्महरूको दर्ता, नविकरण, करचुक्ता प्रमाण पत्रका प्रतिलिपीहरू

२. अनुसूची –२, अनुसारको संक्षिप्त व्यावसायीक कार्ययोजना

३. अनुसुची –३, अनुसारको निवेदन

४. समुह/ सहकारीको निर्णय प्रतिलिपी र सहभागीहरूको नामवली विवरण

पुनश्चः निवेदन, संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाचाँ गाउँपालिकाको Website: http://chhatharjorpatimun.gov.np/ वाट डाउनलोड गरी लिन सकिने छ ।

मिलन कार्की
अधिकृत छैठौं स्तर
(कृषि शाखा)
छथर जोरपाटी गाउँपालिका

राज कुमार राई
अधिकृत छैठौं
पशु पंक्षी शाखा
छथर जोरपाटी गाउँपालिका

☎ ०२६ ४०४१९९

# छथर जोरपाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पशुपंन्छि शाखा
जोरपाटी, धनकुटा १, नं.प्रदेश,नेपाल

**मत्स्यपालन पोखरी निमार्ण तथा माछा भुरा अनुदान वितरण कार्यक्रमको प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८।०९।०१**

यस कार्यालयको आ.व.०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम नयाँ मत्स्यपालन पोखरी निमार्ण तथा माछा भुरा वितरण कार्यक्रमको माध्यमवाट स्वरोजगार तथा माछापालन व्यवसायलाई थप प्रोत्साहन सहित वेरोजगार युवा जनशक्तीलाई स्वरोजगार सृजना गर्ने, माछा आयतलाई न्यूनीकरण गरी उत्पादनमा आत्मनिर्भर भई राष्ट्रिय अर्थतन्त्रलाई थप वलियो वनाउने उद्देश्यका साथ नयाँ मत्स्य पोखरी निर्माण तथा माछा भुरा अनुदान वितरण कार्यक्रम रहेको हुदा ईच्छुक छथर जोरपाटी गाउँपालिका भित्र स्थाई वसोवास गर्ने विगत २ आर्थिक वर्ष भित्र सरकारी निकाय वाट नगद वा जिन्सी अनुदान कार्यक्रममा सहभागी नभएका वेरोजगार, अर्ध वेरोजगार युवाहरुवाट दरखास्त आव्हानको लागी यो सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र (२०७८।०९।३०गते) तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्वन्धित शाखामा राजस्व वापत रु.३००। को रसिद काटी दरखास्त पेश गर्नु पर्नेछ। म्याद नाघी वा रित नपुगी दर्ता हुन आएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन। प्राप्त प्रस्तावहरुलाई मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६, मा उल्लेख भएको मुल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धतिद्धारा सम्वन्धित कृषक, फार्म, सहकारी, समुहहरुलाई पशुपंन्छि शाखाको स्वीकृत वजेट परिधिभित्र रही अनुदान रकम उपलव्ध गराईने व्यहोरा जानाकारी गराइन्छ। पुनस्चः कार्यविधिमा उल्लेख भए मुताविकको आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सूचना द्धारा सूचित गरीन्छ।

तपसिल :

१. अनुसूची-२, अनुसारको प्रस्ताव आवेदन।
२. अनुसूची-३, संक्षिप्त व्यवसायीक कार्ययोजना।
३. अनुसूची-४, वमोजिमको लागत साझेदारी प्रतिवद्धता।
४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।
५. फार्म दर्ता, नविकरण, कर चुक्ता, सम्वन्धीत विषयको तालिम, शैक्षिक योग्यता, भाडाका जग्गा भए भाडाको सम्झौता पत्र आदिका प्रतिलिपीहरु।
६. वडा कार्यालयको सिफारीस।

**संचालनहुने कार्यक्रम विवरण :**

| क्र.सं. | विवरण | लक्ष (संख्या) | अधिकतम अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ मत्स्य पोखरी निर्माण कार्यक्रम | ५ | २०,०००। | |
| २ | माछा भुरा वितरण कार्यक्रम (५० प्रतिशत अनुदान साझेदारी) | ८० ह. | ८० ह. | |

विस्तृत जानाकारीको लागी छथरजोरपाटी गाउँपालिकाको कार्यालय, पशुपंन्छि शाखा वा गाउँपालिकाको Website: http://chhatharjorpatimun.gov.np/ मा हेर्नुहुन वा फोन नं. ०२६-४०४१९९ मा सम्पर्क गर्नुहुन अनुरोधछ।

...कार्की
...छैठौं ...
(कृषि शाखा)
छथर जोरपाटी गा...

राज कुमार राई
अधिकृत छैठौं
पशु पंक्षी शाखा
छथर जोरपाटी गाउँपालिका

छथर जोरपाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा

प.सं: ०७८/०७९
च.नं:

प्रदेश नं. १, नेपाल

मितिः-२०७८।९।१

## *मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम सम्वन्धी सुचना*

यस छथरजोरपाटी गाँउपालिका कृषि शाखाको आर्थिक वर्ष ०७८।७९ को वार्षिक स्वीकृत शशर्त कार्यक्रम अनुसार *मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम* तोकीए अनुसार अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा छथरजोरपाटी गाँउपालिका स्थानीय तहका कृषि व्यवसाय एवं सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषक समुह/कृषि सहकारी सस्था/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचान प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिन(मिति २०७८।०९।३०) भित्र यस कार्यालयमा तोकिएको ढाचाँमा राजश्व वापत रु ३००।-को रसिद काटी निवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएको निवेदनहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गरिन्छ ।

| कार्यक्रम | लक्ष्य | कैफियत |
|---|---|---|
| मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम | २ वटा | |

***आवश्यक कागजात:***

१.समुह,समिति, सहकारी संस्था,कृषक फर्महरुको दर्ता,नविकरण,करचुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु ।

२.अनुसुची-२ अनुसार निवेदन

२.तोकिएको ढाँचाको व्यवसायी कार्य योजना ।

३.समुह,सहकारीको निर्णयको प्रतिलिपी

४.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

५.प्रतिवद्धता पत्र ।

६.आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु ।

**पुनश्चः**-कृषि पूर्वधार निर्माण कार्यका लागी समुह/सहकारी लाई ८५% निजि फार्मका लागी ५०% र अन्य खरिद कार्यक्रमका लागी ५०%अनुदान उपलब्ध हुने छ ।

मिलन कार्की
अधिकृत छैठौं स्तर
(कृषि शाखा)
छथर जोरपाटी गाउँपालिका

राज कुमार राई
अधिकृत छैठौं
पशु पंक्षी शाखा
छथर जोरपाटी गाउँपालिका

☎ ०२६ ४०४१९९

# छथर जोरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पशुपंन्छि शाखा
जोरपाटी, धनकुटा,१नं.प्रदेश,नेपाल

## पशु उत्पादन, पशुपंछि वजार प्रवर्द्धन (मासु पसल निमार्ण) सम्वन्धी यूवा लक्षित कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।०९।०१**

यस कार्यालयको आ.व. ०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन (पशुपंछि वजार प्रवर्द्धन) सम्वन्धी कार्यक्रमको माध्यमवाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुदा ईच्छुक १८ देखी ५० वर्ष उमेरका छथरजोरपाटी गाउँपालिका भित्र स्थाई वसोवास गर्ने वेरोजगार, अर्ध वेरोजगार युवाहरुवाट प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक युवा साझेदारी फार्महरुले सम्वन्धित सरकारी निकाय वाट विगत २ आर्थिक वर्ष सम्म कुनै सरकारी निकाय वाट नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका भए यस कार्यक्रममा समावेश हुनु पाउने छैनन । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिन (मिति २०७८।०९।३० गते) कार्यालय समय भित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्वन्धित शाखामा राजस्व वापत रु.३००। को रसिद काटी दरखास्त पेश गर्नुपर्नेछ । म्याद नाघी वा रितपुर्वक दर्ता नगरिएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन । प्राप्त प्रस्तावहरुलाई पशुपंन्छि शाखा अर्न्तगत संचालित युवालक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४, मा उल्लेख भएको मुल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धतिद्धारा सम्वन्धित आवेदक फार्महरुलाई पशुपंन्छि शाखाको स्वीकृत वजेट परिधिभित्र रही अनुदान रकम उपलव्ध गराईने व्यहोरा जानाकारी गराइन्छ । पुनस्च: कार्यविधिमा उल्लेख भएका तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सूचना द्धारा सूचित गरीन्छ ।

**तपसिल :**

१. अनुसूची -२ अनुसारको आवेदन फाराम ।
२. अनुसूची -३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
४. सम्वन्धीत वडा कार्यालयको सिफारीस पत्र ।
५. फार्म दर्ता, कर चुक्ता, सम्वन्धित विषयको तालिम, शैक्षिक योग्यता, भाडाका जग्गा भए भाडाको सम्झौता पत्र आदि) प्रतिलिपीहरु ।

**संचालनहुने कार्यक्रम विवरण :**

| क्र.सं. | विवरण | लक्ष | कैफियत |
|---|---|---|---|
| १ | मासु पसल निमार्ण सुधार अनुदान कार्यक्रम | १ एक | |

विस्तृत जानाकारीको लागी छथरजोरपाटी गाउँपालिकाको कार्यालय, पशुपंन्छि शाखा वा गाउँपालिकाको Website: http://chhatharjorpatimun.gov.np/ हेर्नुहुन वा फोन नं. ०२६४०४१९९ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

मिलन कार्की
अधिकृत छैठौं स्तर
(कृषि शाखा)
छथर जोरपाटी गाउँपालिका

राज कुमार राई
अधिकृत छैठौं
पशु पंक्षी शाखा
छथर जोरपाटी गाउँपालिका